# सिईडिबि हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड

दोस्रो तल्ला, ब्लुस्टार कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाडौं,
फोन :०१-४१०११४०/५३२२६०९

## विशेष साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति कार्तिक ०५, २०८१

उपरोक्त सम्बन्धमा यस कम्पनीको संचालक समितिको मिति कार्तिक ०४, २०८१ गते बसेको बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त विशेष साधारण सभामा आफै उपस्थितको लागि सम्पूर्ण शेयरधनीहरुलाई सादर अनुरोध गर्दछौ ।

१. **सभा हुने मिति, समय र स्थान :**

**मिति** : कार्तिक २०, २०८१ (नोभेम्बर ०५, २०२४)
**समय** : बिहानको ८:०० बजे, मंगलबार
**स्थान** : कालिमाटी ब्याङ्क्वेट, कालिमाटी, काठमाण्डौ ।

२. **छलफलको विषय :**

**क. विशेष प्रस्तावहरु**

१. कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने ।
२. नियमक निकायहरुको निर्देशन अनुसार कम्पनीको प्रबन्धपत्र तथा नियमावलीका प्रस्तावित संशोधनहरुमा परिमार्जन तथा थपघट गर्न आवश्यक भएमा सो गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ख. साधारण प्रस्ताव**

१. कम्पनीको ५ जना संचालकहरुको नियुक्ति गर्ने ।

**ग. विविध**

### साधारण सभा सम्बन्धी अन्य जानकारी

१. सभामा भाग लिनु हुने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। हाजिरी पुस्तिका बिहान ७:३० बजे देखि खुल्ला रहने छ।
२. विशेष साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पूस्तिका तथा शेयर दाखिला खारेजीको कार्य मिति कार्तिक १२, २०८१ एक दिन बन्द रहने छ। शेयरधनी पुस्तीका बन्द भएको अघिल्लो दिन अर्थात् कार्तिक ११, २०८१ सम्म कायम रहेका शेयरधनीहरु विशेष साधारण सभामा भाग लिनका लागी योग्य हुनेछन् ।
३. संगठित संस्था शेयरधनी भएको हकमा संस्थाले प्रतिनिधि नियुक्त गरेको व्यक्ति अख्तियारी पत्र सहित उपस्थित हुनपर्नेछ र प्राकृतिक व्यक्तिले नियुक्त गर्ने प्रोक्सी कम्पनीको शेयरधनी हुनपर्नेछ। संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा शेयरधनी दर्ता किताबमा पहिलो नाम उल्लेख भएको शेयरधनी वा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्ति मात्र सभामा भाग लिन पाउनेछ।
४. सभामा भाग लिनको लागी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले कम्पनीको अर्को शेयरधनीलाई कम्पनीको आधिकारिक प्रतिनिधि (प्रोक्सी) फारम भरी सभा हुनु भन्दा एक (१) दिन अगावै अर्थात् कार्तिक १९, २०८१ बिहानको ११:०० बजे भित्र यस कम्पनीको कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। साधारण सभा प्रयोजनको लागि कार्यालय खुल्ला रहनेछ।
५. साधारण सभा हुने मिति भन्दा कम्तीमा ४८ घण्टा अगाडि निर्वाचन अधिकृतको कार्यालय तोकिनेछ। सञ्चालकको निर्वाचन सम्बन्धी विस्तृत जानकारीका लागी निर्वाचन अधिकृतको कार्यालयमा सम्पर्क राख्नुहुन जानकारी गराईन्छ।
६. साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ।
७. आफ्नो परिचय पत्र (सरकारी कार्यालयबाट जारी भएको) वा शेयर अभौतिकीकरण गरेको व्यक्ति नै देखिने हितग्राही खाताको विवरण (Demat Account Statement) प्रस्तुत गरेपछि मात्र सभा स्थल भित्र प्रवेश गर्न पाइनेछ।
८. साधारण सभामा प्रस्तुत गरिएका प्रस्तावहरुमा आफ्नो राय तथा सुझावहरु दिन चाहनु हुने शेयरधनीहरुले मिति कार्तिक १८, २०८१ दिउँसोको २:०० बजे सम्ममा आफ्नो राय तथा सुझावहरु लिखित रुपमा उपलब्ध गराउनुपर्ने छ। लिखित रुपमा राय तथा सुझावहरु उपलब्ध गराउने शेयरधनीहरुले मात्र उक्त सभामा आफ्नो राय तथा सुझावहरु राख्न पाउनेछन् ।

संचालक समितिको आज्ञाले
(कम्पनी सचिव)